# प्रेस विज्ञप्ती

हालै ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले जारी गरेको श्वेतपत्र तथा नेपाल सरकारको बजेट २०७५/७६ मा ३ वर्षमा ३ हजार मेगावाट, ५ वर्षमा ५ हजार मेगावाट र १० वर्षमा १५ हजार मेगावाट उत्पादन गर्ने लक्ष्य प्राप्तीको लागि ऊर्जा दशक (२०७५-२०८५)को घोषणा गरेकोमा यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) सो को हार्दिक स्वागत गर्दछ । यस्तो महत्वकांक्षी लक्ष्य प्राप्तीका लागि धेरै नीतिगत सुधारहरु आवश्यक रहेको इप्पानले महशुस गरेको छ । यसै परिप्रेक्षमा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्न लागेको मौद्रिक नीति २०७५/७६ मा निम्न लिखित बुँदाहरु समावेश गरिनुपर्ने भनी यस स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था जोडदार माग गर्दछ ।

१) बैंकहरुले गर्नु पर्ने लगानीमा अन्य क्षेत्रका लागि लगानीको प्रतिशत तोकिए जस्तै गरी बैंकहरुको लगानीको न्यूनतम १५ प्रतिशत लगानी जलविद्युत उत्पादन क्षेत्रमा मात्र गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिदिने ।

२) Syndicated Loan Agreement भई सकेको तर बैंकहरुले ऋण प्रवाह नगरेको अवस्थामा सो कबूल गरेको ऋण रकमलाई माथि उल्लेखित १५ प्रतिशतमा गणना नगर्ने र प्रथम Disbursement लिएपछि मात्र १५ प्रतिशतमा गणना गर्ने ब्यवस्था मिलाउने ।

३) जलविद्युत क्षेत्रमा व्याजदर बढेको खण्डमा उक्त आयोजनाहरु निर्माण गर्न समस्या परि कैयन् प्रबर्धकहरुले साँवा ब्यज भुक्तानी गर्न नसक्ने वा लाभांश वितरण गर्न नसक्ने समस्या भोगिरहेकाले जलविद्युतको लागि प्रवाह गर्ने ऋणको व्याजदर निर्माण अवधिभरको लागि बढीमा ९ प्रतिशत मात्र हुनेगरी ब्यवस्था गरिदिने ।

४) आयोजना निर्माण सम्पन्न भई नेपाल विद्युत प्राधिकरणको बीलिङ्ग चालु गरेको ३ महिना भन्दा अगावै बैंकहरुले Syndicated Loan Agreement मा तोकेको ब्याज दर भन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गरिदिने ।

५) हाल नेपाल राष्ट्र बैंकले दिईरहेको पुनरकर्जाको सहुलियत जम्मा ६ महिनाको लागि मात्र प्राप्त हुने भएकोले रुग्ण जलविद्युत आयोजनाहरुलाई दिर्घकालिन रुपमा सो पुनरकर्जाको सहुलियत प्राप्त गर्ने व्यवस्था गरिदिने ।

६) जलविद्युत विकासको लागि विदेशी लगानी अपरिहार्य रहेको हालको अवस्थामा, विदेशी लगानी भित्र्याउने प्रक्रियालाई सरलिकृत तथा लगानी मैत्री बनाइ, यस क्षेत्रमा विदेशी लगानी भित्र्याउनको लागि ७ दिन भित्र अनुमति दिने व्यवस्था मिलाइदिने ।

**स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN)**